पूरा भएपछि र अनरेरी सह-सेनानी र सोदेखि मुनिका अरू सैनिक जवानलाई सत्र वर्ष सेवा अवधि पूरा भएपछि अवकाश प्राप्त गरेको मितिदेखि देहायका हिसाबले मासिक निवृत्तभरण दिइनेछः–

(क) रथीवृन्द र सोदेखि मुनि सहायक सेनानीसम्मको हकमा

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(ख) अनरेरी सह-सेनानी र सोदेखि मुनिको हकमा

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{४०}$$

(२) उपनियम (५) झिकिएको छ ।"

३. मूल नियमावलीको नियम ५ क. मा संशोधनः मूल नियमावलीको नियम ५ क. को उपनियम (४) झिकिएको छ ।

४. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को ठाउँ ठाउँमा प्रयोग भएको "कमाण्डरी किताबखाना जंगी फाँट" र "कमाण्डरी किताबखाना" भन्ने शब्दहरूको सट्टा "शाही सैनिक अभिलेखालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल अधिराज्यको सम्पूर्ण तराई क्षेत्र र चुरे श्रृंखलासमेतको केही भाग पर्ने क्षेत्रलाई १० अन्वेषण खण्डमा विभाजन गरी सीमाङ्कन गरिएका खण्डमध्ये नं. १ देखि ९ सम्मका प्रत्येक खण्डको हकमा मिति २०४६।१२।१४ (तदनुसार मार्च २७,१९९०) देखि २०४७।४।१६ (तदनुसार जुलाई ३१,१९९०) भित्र र अन्वेषण खण्ड नं १० को हकमा मिति २०४७।१।२१ (तदनुसार मे ४, १९९०) देखि २०४७।४।१६ (तदनुसार जुलाई ३१, १९९०) भित्र पेट्रोलियम कार्य गर्न इच्छुक कम्पनीहरूबाट बोलपत्र आव्हान गरिएको हुँदा पेट्रोलियम नियमावली, २०४१ को परिच्छेद १२ को नियम ५७ को खण्ड (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

20



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग